श्री

# राजस्व न्यायाधिकरण काठमाण्डौ

## इजलास

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्वर वहादुर कार्की**

**फैसला**

**२०७६।०७७ सालको निर्णय नं. ३५**

**पुनरावेदन नं. ०७४-RB -००३४**

| | |
|---|---|
| श्री सुप्रिम सिमेन्ट उद्योग प्रा.लि.(स्थायी लेखा नं. ३०१२६९०४५)........१ | पुनरावेदक |
| विरुद्ध | |
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर ---------------------१<br>श्रीमान महानिर्देशकज्यू, आन्तरिक राजश्व विभाग लाजिमपाट........................१ | प्रत्यर्थी |

मुद्दाः- मूल्य अभिबृद्धि कर (आ. व.२०६८/०६९)

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सिताराम अग्रवाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : शाखा अधिकृत श्री टेकनाथ अधिकारी

**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री जगदिश रेग्मी

शुरु कार्यालयको निर्णय मितिः–२०७०।११।३०

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा

निर्णय मितिः–२०७३/०३/०८

नियम बमोजिम सासाहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको ठूला करदाता कार्यालय, हरिहरभवन समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६

(१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको तथ्य :

१. पुनरावेदक करदाता सुप्रिम सिमेन्ट उद्योग प्रा.लि.( स्थायी लेखा नं. ३०१२६९०४५) को आ.व. २०६८/०६९ को मु.अ.कर तर्फको कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम कर र जरिवाना समेत जम्मा रू. १५८९८१।०८ को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७०/११/३० मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०/११/३० मा जारी भएको सूचना करदाताले मिति २०७०/११/०४ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०७०/११/०४ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७०/११/१९ मा पेश गरेको ।

४. करदाताको जिकिर र पेश गरेको प्रमाण तथा कागजतलाई आधार बनाई प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको कर रकममा संशोधित गरी मू.अ.कर जरिवाना रु १५८९८१।०८ को मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७०/११/३० मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७०/११/३० मा जारी गरेको आ.व. २०६८/०६९ को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सुप्रिम सिमेन्ट उद्योग प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/२/११ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकको प्रस्तुत आ.व. २०६८।०६९ को मु.अ.कर ऐन २०५२ को दफा ८(३) वमोजिम व्यवसायीक प्रयोजनकोलागी निर्माण गरिने पचास लाख रुपैयाँ भन्दा वढीको भवन तथा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स र विभागले तोकेको यस्तै अन्य संरचना दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भएता पनि यस्तो निर्माण दर्ता भएको व्यक्तीवाट भए सरहमानी कर निर्धारण गरिनेछ भन्ने व्यवस्था अनुरुप नै कर निर्धारण गरेको देखिंदा करदाताको जिकिर नपुग्ने गरी भएको निर्णय कानून सम्मत छ भन्ने आन्तरिक राजश्व विभागको निर्णय ।

७. उपरोक्त प्रकरणमा लेखिए अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७०/११/३० को अन्तिम कर निर्धारण सूचना र तत् सम्बन्धी मिति २०७३।३।०८ को निर्णय बुँदाहरु समेत गैरकानूनी र अन्यायपूर्ण हुनुका साथै श्री आन्तरिक राजस्व विभागबाट मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ८(३) बमोजिम निर्णय नगरिएको कारवाही समेत प्रत्यक्षः अन्यायपूर्ण हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (५) बमोजिम पुनरावेदनको सुनुवाई भई उक्त कर निर्धारण निर्णय सूचना बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/०४/२० मा पुनरावेदन पत्र दर्ता भएको ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४० (३) वमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०१/२५ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सीताराम अग्रवालको वहस सुनियो ।वहसका क्रममा विद्वान अधिवक्ताले मूलतः पुनरावेदनपत्रमा उल्लेखित जिकिरहरुलाई नै आधार बनाई आ.व. २०६७।०६८ को मूल्य अभिबृद्धि करको हकमा मिति २०७० सालको परिपत्र प्रभावग्राही हुन नसक्ने भन्दै शुरु कार्यालय को निर्णयानुसार भएको अन्तिम कर निर्धारणको आदेश बदर गरी पाउँ भनी जिकिर लिनु भएको छ ।

११. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान सरकारी वकिल टेकनाथ अधिकारी ले करदाताको तर्फबाट कर निर्धारण गर्नु नपर्ने कुनै पनि ठोस प्रमाण पेश नभएको हुँदा कार्यालयको निर्णय मनासिव नै रहेकोले सदर हुनुपर्छ भन्ने वहस प्रस्तुत गर्नुभयो ।साथै कानूनी ब्यबस्था पहिले देखि नै कायम रहेको त्यसको स्पष्टताका लागि मात्र पछि परिपत्र जारी भएको हुँदा उक्त कानून नै तत्काल कार्यान्वयन हुन सक्दैन भन्नु' निरर्थक भएको समेत जिकीर राख्नु भयो।

१२. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको

अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतस् देहाय अनुसार हुने देखियो ।

१३. प्रत्यर्थी कार्यालयले निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ड(घ) र मूल्य अभिबृद्धि कर नियमावली, २०५२ को नियम ६(ख) को व्यवस्था परिपालन नगरिएको हुँदा मूल्य अभिवृद्धि कर भुक्तानी भए जति रकम घटाई हुन आउने जम्मा रकम को निर्माण गर्दा भुक्तानी गरेको अवधि र मूल्यमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २०(१)(ख) बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर लगाई सोही आधारमा जरिवाना थप दस्तुर र व्याज लगाउने गरी भएको निर्णय त्रुटिपूर्ण रहेको सम्बन्धमा हेर्दाः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवस्था भए बमोजिम भवन वा अपार्टमेन्ट वा सपिङ्ग कम्प्लेक्स वा अन्य संरचना मूल्य अभिबृद्धि करमा दर्ता नभएको व्यक्तिबाट निर्माण गरिएको भएता पनि दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । यस दफामा भएको व्यवस्था अनुसार कर दाखिला गर्नुपर्ने दायित्व यस्तो संरचनाको स्वामित्ववालाको भएकोमा कुनै विवाद छैन । तर यस्तो कर कुन अवधिमा दाखिला गर्ने भन्ने ऐन वा नियमावलीमा एकिन रुपमा व्यवस्था गरेको देखिंदैन । यसले गर्दा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसारको कर कहिले र कहाँ दाखिला गर्नु पर्ने भनी समयावधि नतोकिएको अवस्थामा करदाताले आफ्नो सुविधा अनुसारको समयमा दाखिला गर्न नपाउने भन्न मिल्ने देखिंदैन । सबै प्रकृतिका मू.अ.कर दाखिला गर्ने समयावधि तोकिएको भएता पनि उक्त समयमा मू.अ.कर ऐन, २०५२ को दफा ८(३) अनुसारको मू.अ.कर कहिले दाखिला गर्ने भन्ने समयावधि तोकिएको देखिंदैन । मू.अ.कर ऐन २०५२ को दफा ८(३) को व्यवस्थालाई व्याख्या र स्पष्ट गरी तथा कर दाखिला गर्ने समयावधि तोकी मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट परिपत्र जारी भएको देखिन्छ । सो परिपत्रलाई विभागको वेभसाइटमा राखिएको व्यहोराको सूचना मिति २०७३।१०।२१ को गोरखापत्र दैनिकमा प्रकाशन गरिएको देखिन्छ।कानूनत् दाखिला गर्नुपर्ने एकिन अवधि नै नतोकिएको अवस्थामा कर दाखिला गर्नुपर्ने दायित्व भएता पनि कर ढिलो बुझाएको भन्ने मानि करदातालाई जरिवाना वा व्याज वा थप दस्तुर बहन गर्न लगाउन कानूनत् मिल्ने देखिन आएन । तर यसै सम्बन्धमा मू.अ.कर प्रशासन गर्ने आन्तरिक राजस्व विभागबाट अन्तिम पटक मिति २०७०।७।३ मा दफा ८(३) मा भएको व्यवस्थालाई व्याख्या गरी सो अनुसार दाखिला गर्नुपर्ने मू.अ.कर दाखिला गर्नुपर्ने अवधि तोकेको देखिन्छ ।

१४. पुनरावेदकले पुनरावेदन पत्रमा भवन लगायतको स्थायी संरचना एउटा मात्र निर्माण गरेको नभै एक भन्दा बढी संरचना निर्माण गरेको र सो संरचनाहरुको निर्माण लागत पचास लाखभन्दा घटी भएको भनी जिकिर लिएको देखिन्छ । मू.अ.कर ऐन, २०५२ को दफा ८(३) मा रहेको कानूनी व्यवस्था हेर्दा कुनै एक संरचनाको निर्माण लागत पचास लाख रुपैया भन्दा बढी हुन पर्ने भन्ने नभई पचास लाख भन्दा बढीको ऐनमा उल्लेख भए बमोजिम व्यवसायिक प्रयोजन स्थायी संरचना निर्माण गर्दा मू.अ.कर मा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएता पनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिंदा मू.अ.क नलाग्ने भन्ने पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन ।

१५. मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) र २६(१) बमोजिम करदाताले बुझाउनु पर्ने कर रकम म्यादभित्र दाखिला नगरेको अवस्थामा मात्र थप दस्तुर र व्याज लाग्ने व्यवस्था भएको, दफा ८(३) बमोजिम मूल्य अभिवृद्धि कर दाखिला गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन र नियमावलीमा कुनै अवधि नतोकिएकोले दफा ८(३) को कार्यान्वयनको सम्बन्धमा मिति २०७०।७।३ मा आन्तरिक राजस्व विभागबाट जारी परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको, सो परिपत्र आन्तरिक प्रकृतिको मात्र भएको कुरा स्वयं आन्तरिक राजस्व विभागले उक्त परिपत्रलाई आफ्नो website मा राखिएको कुरा मिति २०७३।१०।२१ को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरेकोबाट प्रमाणित भइरहेको र यस्ता विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ ख (२) बमोजिम आफ्नो website मा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था भएको सन्दर्भमा गोरखापत्रमा प्रकाशित सूचनाले उक्त परिपत्रले तोकेको अवधिलाई आधार बनाई गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडिको अवधिको पनि जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्म ठूला करदाता कार्यालय, ललितपुरको निर्णय मिलेको नदेखिंदा सो हदसम्म उल्टी हुने ठहर्छ ।

१६. अतः स्थायी लेखा ३०१२६९०४५ भएका पुनरावेदक करदाता सुप्रिम सिमेण्टस प्रा. लि.को आ.व. २०६८।०६९ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७०।११।३० को निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।०३।०८ मा भएको निर्णयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्धि कर दाखिला गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना, थप दस्तुर र व्याज लगाएको हदसम्मको निर्णय

मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल वमोजिम गर्नु

<u>तपसिल</u>

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम करदाता सुप्रिम सिमेन्टस् प्रा.लि.प्रा.लि .को आ.व . २०६८।०६९ मूल्य अभिवृद्दि कर निर्धारणका सम्वन्धमा शुरु ठूला करदाता कार्यालयको मिति २०७०।११।३० को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजश्व विभागबाट मिति २०७३।३।८ मा भएको निर्णयमा मुल्य अभिवृद्दिकर ऐन २०५२ को दफा ८(३) अनुसार भवन लगायत स्थायी संरचना निर्माणको लाग्ने मूल्य अभिवृद्दि कर दाखिल गर्ने अवधि नतोकिएको अवस्थामा जरिवाना थप दस्तुर र व्याज लगायतको हदसम्म केही उल्टी हुने ठहरेकोले कर निर्धारणको हिसाव समायोजन गरिदिनु पर्ने ठहर्छ. सो हदसम्म केही उल्टी हुने ठहऱ्याई फैसला भएकोले सो हदसम्मको पुनरावेदकले पुनरावेदन गर्दा राखेको धरौटी रकम हिसाव गरी फिर्ता दिनु वा अर्को बर्षको तिर्नु पर्ने कर रकममा मिलान गरिदिनु भनी लेखि पठाइदिनु ………१

प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकिलको कार्यालय, काठमाण्डौलाई दिनु.............................................................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू..............................................................................३

डम्बर वहादुर कार्की
( लेखा सदस्य )

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
( राजश्व सदस्य )

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः युवराज गौतम
कम्प्यूटर प्रदिप तिवारी
इति सम्वत् २०७६ साल भाद्र महिना ३० गते रोज २ शुभम् .........................